# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३२ ) काठमाडौं, असार २१ गते २०३६ साल (संख्या १२


श्री ५ को सरकार

### वाणिज्य तथा आपूर्ति मन्त्रालयको

### सूचना

श्री ५ को सरकारले खण्ड २४, मिति २०३१।८।१७ अतिरिक्ताङ्क ३५ (क) को नेपाल राजपत्र भाग ३ मा प्रकाशित नेपाल खाद्य संस्थानको स्थापना र गठन सम्बन्धी खाद्य कृषि तथा सिंचाइ मन्त्रालयको सूचनाको दफा ४ (२) को अधिकार प्रयोग गरी सोही दफाको उपदफा ( १ ) बमोजिम गठित सञ्चालक समितिको सट्टा देहायबमोजिम अध्यक्ष र सदस्यहरू भएको सञ्चालक समिति तोकी हेरफेर गरेको छ।

| | |
|---|---|
| (क) श्री ५ को सरकारले मनोनीत गरेको व्यक्ति– | अध्यक्ष |
| (ख) प्रतिनिधि, वाणिज्य तथा आपूर्ति मन्त्रालय– | सदस्य |
| (ग) प्रतिनिधि, अर्थ मन्त्रालय– | सदस्य |
| (घ) प्रतिनिधि, कृषि मन्त्रालय– | सदस्य |
| (ङ) प्रतिनिधि, राष्ट्रिय योजना आयोग– | सदस्य |
| (च) प्रतिनिधि, गृह मन्त्रालय– | सदस्य |
| (छ) प्रतिनिधि, नेपाल राष्ट्र बैङ्क– | सदस्य |
| (ज) महा-प्रबन्धक, नेपाल खाद्य संस्थान– | सदस्य-सचिव |

आज्ञाले,

शंकरकृष्ण मल्ल

श्री ५ को सरकारको सचिव

१८१

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

९८२

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।